# मकवानपुरगढी गाउँपालिका

**Makawanpurgadhi Rural Municipality**

# गाउँकार्यपालिकाको कार्यालय

**Office of the Rural Executive**

मक्रान्चुली, मकवानपुर

**Makranchuli, Makawanpur**

वागमतीप्रदेश, नेपाल

BagmatiProvince , Nep

makawanpurgadhi.rmc@gmail.com

Website:makawanpurgadhimun.gov.np

Contact no. ९८४५४६१०८० (Chairman)

Contact no.: 9855088966 (CAO)


मिति : २०७९/१२/२७ गते

पत्र संख्या(**Ref.**) : **२०७९ /८०(पशु सेवा शाखा)**

चलानी नं. **(Dispatch no.):**

---

**<u>दुग्ध उत्पादक सहकारी संस्थालाई दुग्ध उत्पादनमा दिने अनुदानको लागी प्रस्ताव आह्यावको सुचना</u>**

**<u>प्रथम पटक प्रकाशित मिति: २०७९। १२।२७ गते</u>**

मकवानपुरगढी गाउँपालिकाको आ.व.०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दुग्ध उत्पादनमा आधारित अनुदान कार्यविधि २०७६ को दफा १७ वमोजिम मापदण्ड पुरा गरेका इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले सहभागी भइ ताँहा सहकारीमा नियमित रुपमा दुग्ध विक्रि गरिरहेका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई अनुदानमा सहभागी गराउन यो सुचना प्रथम पटक प्रकाशन भएको <u>मितिले १५ दिन भित्र (२०८०/०१/११ गते सम्म)</u> तपसिल बमोजिमको कागजात सहित गाउँपालिकामा अनुसुचि २ वमोजिम आवेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागी गाँउकार्यापालिकाको कार्यालयमा सम्पर्क राख्नु हुन समेत अनुरोध छ ।

<u>तपसिल</u>

क. दुग्ध उत्पादक सहकारी संस्थाले दैनिक कम्तिमा २०० लिटर दुग्ध संकलन गर्ने गरेको हुनु पर्नेछ ।

ख. वार्षिक कम्तिमा २०० दिन सम्म दुग्धको कारोवार गर्ने गरेको हुनु पर्नेछ ।

ग. नियमित रूपमा वार्षिक साधारण साभा र लेखा परिक्षण गर्ने गरेको हुनु पर्नेछ ।

घ. स्थायी लेखा नंम्बर प्राप्त गरेको हुनु पर्नेछ ।

ङ. कर चुक्ता गरेको हुनु पर्नेछ ।

च. सहकारीले कारोवार गर्ने गरेको दुग्धको गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनु पर्नेछ ।

छ. सहकारी संस्थाले संस्थागत रूपमा दुग्ध बिक्रि गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

ज. विगतका वर्षहरूमा कुनै किसिमको कारवाही नपरेको हुनुपर्ने छ ।

<u>पेश गर्ने</u>

सत्य नारायण साह
अधिकृतस्तर आठौं
पशुसेवा शाखा प्रमुख

<u>सदर गर्ने</u>

प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि २

दुग्ध उत्पादक सहकारी संस्थाले दिने आवेदन पत्रको ढाचा

मितिः

मकवानपुरगढी गाउपालिका
गाउकार्यापालिकाको कार्यालय
मक्रानचुली ।

विषयः कार्यक्रममा सहभागी हुन पाउ ।

प्रस्तुत विषयमा मिति............... मा प्रकाशित सुचना अनुसार यस दुग्ध उत्पादन सहकारी संस्था लिमिटेडको दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागि हुने चाहना भएकोले सो प्रयोजनका लागी तपसिल अनुसारको विवरण र अन्य आवश्यक कागजात समेत संलग्न गरी आवेदन पेश गरेका छौ ।

तपसिल

१. कुल सदस्य संख्याः
२. कुल सदस्य मध्ये दुध उत्पादक सदस्य संख्याः
३. गत वर्ष कुल संकलन लि औषत दैनिक.....लिमासिक....लि र वार्षिक....लि
४ गत वर्ष दुधको कारोवार गरेको दिन............
५. गत वर्ष कुल अधिकतम दुध संकलन.................
६. गत वर्ष कुल न्युनतम दुध संकलन............
७. संस्थावाट संकलित दुध विक्रि गरिने संस्था
क........................
ख.....................
ग................
८. दुध विक्रि गरेको प्रमाण सम्वन्धी कागजात
९. वार्षिक साधारण सभा भएको गत वर्षकोप्रमाण
१०. रेकर्ड राख्न कम्प्युटको प्रयोग भएको/नभएको
११.दरधको गुणस्तर परिक्षण गरि रेकर्ड राखि/जानकारी दिने गरेको/नगरेको
१२.मिल्क एनालाइजरको प्रयोग भएको/नभएको
१३. सहकारी दर्ता/नविकरणको प्रमाणपत्र
१४.कृषकलाइ अनुदान रकम वितरण गर्ने मापदण्ड
१५.कर चुक्ता प्रमाण पत्र

आवेदकः
पदाधिकारिको नाम थर
पदः
दस्तखतः
सम्पर्क नम्वर
सहकारी संस्थाको नाम
सहकारिको छाप